नेपाल सरकार

गृह मन्त्रालय

# मनसुन आपत्कालीन कार्ययोजना, २०७५

वर्षायाममा चट्याङ्ग, बाढी, पहिरो र हावाहुरीजस्ता प्रकोपका कारण प्रत्येक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । मनसुनका समयमा विभिन्न प्रकोपका कारण हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनमा कार्य गर्ने सबै सरकारी तथा गैह्र सरकारी निकायहरुले मनसुन पूर्व विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना बनाई तयारी अवस्थामा रहन आवश्यक देखिएको छ । अतः विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सम्बन्धित सरोकारवाला निकायवाट प्राप्त विवरणको आधारमा मनसुन आपत्कालीन कार्ययोजना, २०७५ बनाइएको छ ।

## मनसुन आपत्कालीन कार्ययोजना, २०७५

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| १. | ▪ जल तथा मौसम विज्ञान विभागबाट मौसम पूर्व सूचना लिइ जिल्लाहरुमा जानकारी दिने ।<br>▪ वाढी/पहिरो तथा डुवानको जोखिममा रहेका वस्तीहरुको पहिचान गरी पूर्वसूचना दिने र सुरक्षित रहन संचार माध्यममा प्रचार प्रसार गरी सुरक्षित तुल्याउने । | ▪ गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र<br>▪ जिल्ला विपद् व्यवस्थापन समिति<br>▪ जिल्ला सुरक्षा समिति<br>▪ स्थानीय विपद् व्यवस्थापन समितिहरु | • प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयहरु<br>• जल तथा मौसम विज्ञान विभाग<br>• DDMC र राजनीतिक दलका प्रमुख<br>• पत्रकार महासंघ<br>• कृषि, भूमि व्यवस्था तथा सहरी विकास मन्त्रालय<br>• सुरक्षा निकायहरु<br>• स्थानीय निकायका प्रमुखहरु | निरन्तर | |
| २. | ▪ इक्वीपमेण्टसहितको आवश्यक न्यूनतम उद्धार सामग्री सहित खोज तथा उद्धार कार्यमा खटिन पूर्वतयारी योजना तयारी गर्ने ।<br>▪ Heavy Equipment रणनीतिक स्थानमा राख्ने । | ▪ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल<br>▪ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल,<br>▪ सडक विभाग<br>▪ जिल्ला समन्वय समिति<br>▪ नगरपालिकाहरु/गाउँपालिका | • गृह मन्त्रालय<br>• भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• निर्माण व्यवसायी संघ/उद्योग वाणिज्य संघ | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | ▪ मनसुन प्रतिकार्य पूर्वतयारी योजना तर्जुमा वा अध्यावधिक गरी Web Site मा राखी NEOC मा पठाउने । | ▪ प्रदेश विपद् व्यवस्थापन समितिहरु<br>▪ सबै जिल्ला विपद् व्यवस्थापन समितिहरु<br>▪ स्थानीय विपद् व्यवस्थापन समितिहरु | • गृह मन्त्रालय<br>• DLSA<br>• सबै सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु | निरन्तर | |
| ४. | NEOC र DEOC लाई Alert Phrase मा राख्ने । | ▪ गृह मन्त्रालय | ▪ प्रदेश विपद् व्यवस्थापन समितिहरु<br>• क्षेत्रिय प्रशासक कार्यालय<br>• जिल्ला प्रशासन कार्यालय<br>• जिल्ला सुरक्षा समिति | निरन्तर | |
| ५. | ▪ राहत सामग्रीहरुको भण्डारण गर्ने ।<br>▪ राहत समाग्रीहरु उचित भण्डारणको अनुगमन गर्ने र जिल्लामा भण्डारणको व्यवस्था मिलाउने । | • प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयहरु<br>• क्षेत्रिय प्रशासक कार्यालय<br>• क्षेत्रीय गोदाम घरहरु<br>▪ जिल्ला विपद् व्यवस्थापन समिति<br>▪ स्थानीय विपद् व्यवस्थापन समिति | ▪ गृह मन्त्रालय<br>▪ रेडक्रस<br>▪ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>▪ नेपाल खाद्य संस्थान | निरन्तर | |
| ६. | ▪ HCT ले राहत सामग्रीहरुको भण्डारण सहितको कार्ययोजना कार्यान्वय गर्ने । | • Humanitarian Country Team | गृह मन्त्रालय | निरन्तर | |
| ७. | ▪ Disaster Preparedness & Response Plan (DPRP) अद्यावधिक गर्ने । | ▪ जिल्ला प्रशासन कार्यालय सबै<br>▪ जिल्ला अगुवा सहयोगी संस्थाहरु<br>▪ सबै सरोकारवाला Cluster | गृह मन्त्रालय | निरन्तर | |
| ८. | ▪ जिल्ला विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम राख्ने। | ▪ जिल्ला प्रशासन कार्यालय सबै | गृह मन्त्रालय | निरन्तर | |
| ९. | ▪ सुरक्षा निकाय तैनाथी अवस्थामा रहने । | ▪ नेपाली सेना,<br>▪ नेपाल प्रहरी,<br>▪ सशस्त्र प्रहरी बल नेपाल<br>▪ जिल्ला सुरक्षा समिति | गृह मन्त्रालय | निरन्तर | |
| १०. | ▪ पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउन Localized SMS को प्रविधिलाई अगाडि वढाउन नेटवर्क टावरसँग | ▪ जल तथा मौसम विज्ञान विभाग<br>• नेपाल दुर संचार प्राधिकरण | • सञ्चार तथा सूचना प्रविधि | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्पर्क भएका मोवाइल फोनको चलायमान डाटा लिइ पूर्व सूचना प्रणली संचालन गर्ने ।<br>▪ मनसुन अगावै आवश्यक तटबन्ध निर्माण गरी बाढीको जोखिम न्यूनीकरण गर्ने । | • नेपाल टेलिकम<br>▪ संचार डिभिजन कार्यालय<br>▪ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | मन्त्रालय<br>• ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>• स्थानीय निकायहरु | | |
| ११. | ▪ मुख्य नदीहरुमा बाढीको अनुगमन गरी पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउने ।<br>▪ नदीको वहाव मापन गरी जानकारी जिल्ला प्रशासन कार्यालय र NEOC मा दिने । | • जल तथा मौसम विज्ञान विभाग | • गृह मन्त्रालय<br>• NEOC<br>• DEOC<br>• जिल्ला प्रशासन कार्यालयहरु<br>• जिल्ला समन्वय समितिहरु | निरन्तर | |
| १२. | ▪ विपद्को समयमा साझा फ्रिक्वन्सी प्रयोग गर्ने । | • नेपाली सेना,<br>• नेपाल प्रहरी,<br>• सशस्त्र प्रहरी बल नेपाल | • गृह मन्त्रालय<br>• सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>• DEOC | निरन्तर | |
| १३. | ▪ स्थानीय स्वयम सेवकको गठन गर्ने । | • DDRC<br>• नेपाल रेडक्रस सोसाइटी<br>• DLSA<br>• जि.स.स./न.पा./गा.पा | • जिल्ला प्रशासन कार्यालयहरु<br>• NGOs<br>• राजनीतिकदल/सर्वदलीय बैठक | निरन्तर | |

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १. | सामुदायिक एफ.एम. लगायतका स्थानीय मिडियाहरुबाट मनसुन पूर्व तयारी प्रचार प्रसार अभियान सञ्चालन गर्ने । | सबै स्थानीय तहहरु | LDMC, नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सम्बन्धित स्थानीय तहमा कार्यरत साझेदार निकाय । |
| २. | जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आवश्यक सतर्कता अपनाउने । | सबै स्थानीय तहहरु | LDMC, नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सम्बन्धित स्थानीय तहमा कार्यरत साझेदार निकाय । |
| ३. | स्थानीय स्वयम् सेवक तयारी तथा परिचालन गर्ने । | सबै स्थानीय तहहरु | LDMC, नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सम्बन्धित स्थानीय तहमा कार्यरत साझेदार निकाय । |
| ४. | विपद्को पूर्वानुमान गरी न्यूनतम Logistic व्यवस्थापन गर्ने । | सबै स्थानीय तहहरु | LDMC, नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सम्बन्धित स्थानीय तहमा कार्यरत साझेदार निकाय । |

## परराष्ट्र मन्त्रालय

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | मनसुन वर्षाको कारण पहिरोले वन्द भएका नदी र खोलाबाट पहिरो पन्छाउन मित्रराष्ट्रहरूको सहयोग जुटाउने । | परराष्ट्र मन्त्रालय | • श्री गृह मन्त्राललय<br>• विदेशस्थित नेपाली नियोगहरू<br>• नेपालस्थित विदेशी नियोगहरू | नेपाल सरकारले राहत र उद्धार कार्यमा सहयोग गर्न मित्रराष्ट्रहरूलाई अनुरोध गर्ने निर्णय गरेलगत्तै । | • डुवानमा परी जन धनको क्षति हुनबाट बचाउन सकिने ।<br>• सडक डुवान वा क्षति हुनबाट रोकिने।<br>• वन्द भएका खोला नदी पानीको चापले अचानक विष्फोट भई आउनसक्ने आपतकालीन अवस्थाबाट जोगिने । |
| २. | बाढी र डुवानबाट सृजित आपतकाली अवस्थाबाट जोखिममा परेका मानिसहरूको उद्धार गर्न मित्रराष्ट्रहरू वा अन्तर्राष्ट्रिय समूदायलाई सहयोगको लागि आव्हान गर्ने । | परराष्ट्र मन्त्रालय | • श्री गृह मन्त्राललय<br>• विदेशस्थित नेपाली नियोगहरू<br>• नेपालस्थित विदेशी नियोगहरू । | नेपाल सरकारले राहत र उद्धार कार्यमा सहयोग गर्न मित्रराष्ट्रहरूलाई अनुरोध गर्ने निर्णय गरेलगत्तै । | • डुवानको कारण मृत्यु हुनबाट मानिस र पशुधन बच्ने ।<br>• डुवानबाट वेसहारा वनेकाहरूलाई खाद्यान्न, कपडा र अस्थायी वासको प्रबन्ध हुने ।<br>• विमारीको लागि चिकित्सकको सेवा र औषधि उपलव्ध हुने । |
| ३. | उद्धार तथा पुनर्स्थापनाका लागि भन्सार छुटमा आयात गर्न तयार गरिएका वस्तुहरू बारे विश्व समुदायलाई जानकारी गराउने। | परराष्ट्र मन्त्रालय | • नेपालस्थित विदेशी नियोगहरू<br>• विदेशस्थित नेपाली नियोगहरू<br>• अन्तर्राष्ट्रिय संघ संस्थाहरू<br>• राहत सामाग्रीहरूको व्यवस्थापन गर्ने सरकारी निकायहरू । | नेपाल सरकारले राहत र उद्धार कार्यमा सहयोग गर्न मित्रराष्ट्रहरूलाई अनुरोध गर्ने निर्णय गरेलगत्तै । | • मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संस्थाहरूलाई राहतको लागि पहिचान गरिएका वस्तुहरूको जानकारी भई तदनुसारका राहत सामाग्री प्राप्त गर्न मद्दत मिल्ने। |
| ४. | राहत एवं उद्धारका सामाग्री ल्याउने वायुसेवालाई उडान अवतरण अनुमति, भन्सारमा सहजीकरण र | परराष्ट्र मन्त्रालय | गृह, अर्थ, पर्यटन, स्वास्थ्य, रक्षा, अपूर्ति मन्त्रालयहरू र अन्तरगतका निकायहरू । | नेपाल सरकारले राहत र उद्धार कार्यमा सहयोग आवश्यक नपर्ने धोषणा नगर्दासम्म । | • उद्धार टोली र राहत सामाग्री शीघ्र प्रभावित क्षेत्रमा पठाई थप नोक्सानी हुनबाट बच्ने ।<br>• सहयोग प्रदान गर्न दातालाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | उद्धारकर्तालाई परराष्ट्र मन्त्रालयतत्तकाल भीसा प्रदान गर्ने । | | | | हौसला मिल्ने । |
| ५. | मित्रराष्ट्र वा नेपालस्थित विदेशी नियोगहरूबाट प्राप्त राहत सामाग्रीमा भंसार महसूल छूटको लागि भंसार विभागलाई सिफारिस गर्ने । | परराष्ट्र मन्त्रालय | अर्थ मन्त्रालय, राहत सामाग्री व्यवस्थापन गर्ने सरकारी निकाय र विदेशस्थित सम्बन्धित नेपाली नियोग । | उद्धार र राहतको काम सम्पन्न नभएसम्म । | • नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी शीघ्र उद्धार र राहतका कामहरु सम्पन्न गर्न मद्दत मिल्ने । |
| ६. | विदेशमा संकलित राहत समाग्री र रकम नेपाल पठाउन सहजिकरण गर्ने । | परराष्ट्र मन्त्रालय | विदेशस्थित नेपाली नियोगहरू, श्री अर्थ मन्त्रालय, नेपाल राष्ट्र वैङ्क र राहत सामग्री व्यवस्थापना गर्ने सम्बन्धित मन्त्रालय । | आपतकाली अवस्था विद्यमान रहँदासम्म निरन्तर । | • विदेशमा संकलित राहत समाग्री र रकम सहज ढङ्गले नेपाल ल्याई उद्धार र राहत कार्यमा शीघ्र सहयोग पुग्ने । |
| ७. | विदेशी नागरिकहरू सुरक्षित रहेको, विपदमा परेको, घाइते वा मृत्यु भएको जानकारी सम्बन्धित मुलुकलाई दिने । | परराष्ट्र मन्त्रालय | नेपालस्थित विदेशी नियोगहरू एवं विदेशस्थित नेपाली नियोगहरू । | विपत्तिमा परेको सूचना प्राप्त हुनासाथ । | • आफ्ना नागरिकहरुको सुरक्षा अवस्था वारे सम्बन्धित मुलुकलाई जानकारी हुने ।<br>• आफ्ना नागरिकलाई तत्काल राहत प्रदान गर्न सम्बन्धित मुलुकलाई समयमै सूचना मिल्ने।<br>• विदेशी राष्ट्र र नागरिकप्रति विपद अवस्थामा सृजित हुने नेपाल सरकारको दायित्व पूरा हुने । |

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | गृह मन्त्रालयबाट प्राप्त सूचना/जानकारीका आधारमा मनसुनबाट घट्न सक्ने घट्नाहरुका कारण नियमित आपूर्ति व्यवस्थापनमा उत्पन्न हुनसक्ने संकट पहिचान र सो को समाधानका लागि कार्ययोजना तयार गर्ने । | मन्त्रालय तथा मातहत विभाग र सार्वजनिक संस्थानहरु | गृह मन्त्रालय/ NEOC, सम्बन्धित स्थानीय तहहरु, | २०७५ आषाढ देखि आश्विनसम्म | मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरु |
| २. | प्राप्त सूचनाका आधारमा जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी अत्यावश्यक बस्तुहरुको आपूर्ति व्यवस्थापन कार्यलाई सूचारु गर्न मातहत सार्वजनिक संस्थाहरुलाई थप सक्रिय बनाउने । | मन्त्रालय तथा मातहत विभाग र सार्वजनिक संस्थानहरु | स्थानीय तह तथा सरोकारवाला अन्य निकायहरु | २०७५ आषाढ देखि आश्विनसम्म | मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरु |
| ३. | आपत्कालिन अवस्थामा आपूर्ति व्यवस्थालाई सूचारु गर्न आवश्यक पर्ने थप स्रोतसाधनको अनुमान गरी अर्थ मन्त्रालयमा स्रोत तथा साधन उपलब्ध गराउने व्यवस्था गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय र नेपाल सरकार ( मन्त्रिपरिषद्) | २०७५ आषाढ देखि आश्विनसम्म | मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरु |
| ४. | अत्यावश्यक बस्तुका रुपमा रहेका पेट्रोलियम पदार्थहरु, एल.पि.ग्यॉस, नून तथा खाद्य पदार्थको अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने । | मातहत विभाग र सार्वजनिक संस्थानहरु | आपूर्ति मन्त्रालय | २०७५ आषाढ देखि आश्विनसम्म | मन्त्रालय तथा मातहत विभाग |
| ५. | आपत्कालिन समयमा हुन सक्ने आपूर्ति व्यवधानलाई सुचारु गराउन तत्काल जोखिम प्रतिकार्य कार्यटोली (Immediate Risk Response Action Team ) गठन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा मातहत विभाग र सार्वजनिक संस्थानहरु | गृह मन्त्रालय र नेपाल प्रहरी तथा सशस्त्र प्रहरी | २०७५ आषाढ देखि आश्विनसम्म | मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरु |
| ६. | आपूर्ति व्यवस्थापन सहज गराउन गरिएका प्रयास तथा समस्याहरुका सम्बन्धमा मातहत निकायहरुसँग नियमित छलफल गरी थप सजगता तथा पूर्व तयारी साथ रहन सूचित गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा मातहत विभाग र सार्वजनिक संस्थानहरु | गृह मन्त्रालय र सम्बध्द निकायहरु | २०७५ आषाढ देखि आश्विनसम्म | मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरु |
| ७. | आपत्कालिन व्यवस्थाका सम्बन्धमा नियमित सूचना प्राप्ति स्रोतसाधन र जनशक्ति व्यवस्थापन र भइरहेका कार्यहरुका सम्बन्धमा अन्य सरोकारवाला निकायहरुसँग नियमितरुपमा समन्वय र सहकार्य गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा मातहत विभाग र सार्वजनिक संस्थानहरु | गृह मन्त्रालय र सम्बध्द निकायहरु | २०७५ आषाढ देखि आश्विनसम्म | मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन र पृष्ठपोषण गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | गृह मन्त्रालय/ NEOC, सम्बन्धित स्थानीय तहहरु, | २०७५ आषाढ देखि आश्विनसम्म | |

## सहरी विकास मन्त्रालय

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रत्येक जिल्लामा वर्षाबाट हुने बाढी पहिरोको कारणबाट उत्पन्न हुने विपद् जोखिम क्षेत्रको पहिचान गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग/सबै डिभिजन कार्यालयहरु | जिल्ला प्रशासन कार्यालय, स्थानीय निकायहरु | निरन्तर प्रक्रिया | |
| २. | पहिचान भएका विपद् जोखिम क्षेत्रहरुमा Shelter Plan को लागि सुरक्षित स्थानको पहिचान गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग/सबै डिभिजन कार्यालयहरु | जिल्ला प्रशासन कार्यालय, स्थानीय निकायहरु | निरन्तर प्रक्रिया | |
| ३. | विपद्को समयमा आवश्यक हुने Camp Management को लागि प्राविधिक सहयोग प्रदान गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग/सबै डिभिजन कार्यालयहरु | स्थानीय निकायहरु, IOM/Shelter Cluster Nepal | निरन्तर प्रक्रिया | |
| ४. | Design, Camp Layout आदि Emergency Shelter बनाउन प्राविधिक सहयोग गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग/सबै डिभिजन कार्यालयहरु | Shelter Cluster Nepal, IOM, IFRC आदि | निरन्तर प्रक्रिया | |
| ५. | Shelter Kits को व्यवस्था गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग/सबै डिभिजन कार्यालयहरु | शहरी विकास मन्त्रालय, Shelter Cluster Nepal, IOM, IFRC आदि | निरन्तर प्रक्रिया | |
| ६. | Hospital, School, Secutity utilities जस्ता मानवीय आवश्यकताहरु Camp मा व्यवस्था गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग/सबै डिभिजन कार्यालयहरु | सहरी विकास मन्त्रालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, गृह मन्त्रालय | निरन्तर प्रक्रिया | |
| ७. | जोखिमपूर्ण घना वस्तीको लागि खुला क्षेत्र पहिचान गर्ने निर्देशिका तयार गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग/सबै डिभिजन कार्यालयहरु | स्थानीय निकायहरु | निरन्तर प्रक्रिया | |

# शहरी विकास तथा भवन निर्माण विभाग

शहरी विकास तथा भवन निर्माण विभागको आवास महाशाखाले Shelter Cluster को Lead को रुपमा रही स्वदेशी तथा विदेशी गैर सरकारी संस्थाहरुलाई Shelter Cluster को क्षेत्रमा विपद् व्यवस्थापन पुर्व तयारी र ति संस्थाहरुले उपलब्ध गराउने आर्थिक तथा बस्तुगत राहत सामाग्रीहरुको वितरणमा एवं आवश्यक मापदण्ड निर्माणका लागि आवश्यकता अनुसार सम्पर्क, बैठक आदीका माध्यमबाट समन्वय गरी कार्य गर्दै आएको छ । ति संस्थाहरुसंग आगामी मनसुनमा हुन सक्ने प्रकोपबाट पिडितहरुकालागि Shelter निर्माण सामाग्री एवं अन्य राहत सामाग्रीहरु तलको तालिकामा उल्लेख गरिएको परिणाममा मौजदात रहेको र प्रकोपको समयमा Shelter Cluster Lead को समन्वयमा वितरण गर्न सक्ने अवस्था छ ।

तालिका नं. १ मौजदात राहत विवरण तालिका ।

| सि.नं. | कृयाकलाप | परिणाम (थान) | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|---|
| प्रकोपको समयमा राहत सामाग्री वितरण | | | | | | |
| क) | Blanket | १०३९२ | स्वदेशी तथा विदेशी गै.स.स. | शहरी विकास तथा भवन निर्माण विभाग | सन् २०१८को मनसुन पुर्व तयारीको लागि (प्रकोपजन्य घटना घट्ने वित्तिकै) | |
| ख) | Shelter Kits | १५७० | ,, | ,, | ,, | |
| ग) | Ropes | ९५३८ | ,, | ,, | ,, | |
| घ) | NFI | ३६३७९ | ,, | ,, | ,, | |
| ङ) | Tarpolin | ८९३६ | ,, | ,, | ,, | |

नोटः-

क) शहरी विकास तथा भवन निर्माण विभागको प्रस्तावित संगठन पुनर्संरचनामा हाल प्रकोप संवन्धि कार्य गर्दै आएको प्रकोप व्यवस्थापन शाखा नरहेकोले सो प्रस्तावित संगठन पुनर्संरचना स्विकृत भए पश्चात प्रकोप व्यवस्थापनको जिम्मेवारी नरहन सक्दछ ।

ख) प्रकोप व्यवस्थापन सम्वन्धी शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत रहेको ब.उ.शि.नं. ३४७३२१ (विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप पुनस्थापना कार्यक्रम) आगामी आ.ब.२०७५/०७६ देखी खारेज गरिएको छ । त्यसकारण यस विभागबाट प्रकोप व्यवस्थापनको सम्वन्धमा कुनै पनि कार्यक्रम प्रस्ताव भएको छैन ।

## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

| सि.नं. | क्रियाकलाप | नेतृत्वदायी निकाय | सहयोग निकाय | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्वास्थ्य सम्बन्धी रोस्टर व्यवस्थापन | HEOC | • स्वास्थ्य सेवा विभाग, EDCD<br>• हब अस्पतालहरु<br>• क्षेत्रीय निर्देशनालय<br>• जिल्ला जनस्वास्थ्य कार्यालय/ स्वा. का.<br>• सरकारी तथा निजी अस्पतालहरु<br>• चिकित्सक/ स्वास्थ्यकर्मीहरु | Cluster partners | RRT Focal person हरु Cluster Partners हरु |
| २. | केन्द्रियस्तरको समन्वय | CSD-HEOC | • विभागहरु<br>• केन्द्र तथा प्रतिष्ठानहरु<br>• केन्द्रियस्थारका अस्पतालहरु | • मन्त्रालय<br>• सम्बन्धित कार्यालयहरु | |
| ३. | सतर्क र तयारी (सरुवा रोग र महामारी फैलन नदिने, मनसुन प्रकोप नियन्त्रण, आगलागी तथा डडेलोबाट हुनसक्ने मानवीय क्षेति न्यूनीकरण) | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • स्वास्थ्य सेवा बिभाग,<br>• आयुर्बेद बिभाग<br>• औषधि व्यवस्था बिभाग<br>• हब अस्पतालहरु<br>• चिकित्सक/ स्वास्थ्यकर्मीहरु | • मन्त्रालय<br>• सम्बन्धित कार्यालयहरु | सबै संस्थाका चिकित्सक, स्वास्थ्य कर्मी सहित सतर्क र तयार रहन परिपत्र |
| ४. | स्वास्थ्यकर्मी परिचालन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • HEOC<br>• हब अस्पतालहरु, क्षेत्रीय निर्देशनालय<br>• जिल्ला जनस्वास्थ्य कार्यालय/ स्वा. का. | • मन्त्रालय<br>• सम्बन्धित कार्यालयहरु | |
| ५. | रोग हुने स्थान र व्यक्तिको निगरानी | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • EDCD<br>• व्यवस्थापन महाशाखा<br>• क्षेत्रीय निर्देशनालय, क्षेत्रीय मेडिकल स्टोर<br>• जिल्ला जनस्वास्थ्य कार्यालय/ स्वा.का.<br>• हब अस्पतालहरु<br>• स्थानीय स्वास्थ्य संस्थाहरु<br>• खानेपानी तथा सरसफाई मन्त्रालय | मन्त्रालय, सम्बन्धित कार्यालयहरु | सबै संस्थाका चिकित्सक, स्वास्थ्यकर्मी सहित सतर्क र तयार रहन परिपत्र |
| ६. | नमुना परिक्षण | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | • EDCD, क्षेत्रीय निर्देशनालय, क्षेत्रीय मेडिकल स्टोर, जिल्ला जनस्वास्थ्य कार्यालय/ स्वास्थ्य | मन्त्रालय, सम्बन्धित | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यालय, सरकारी तथा निजी अस्पतालहरु, स्थानीय स्वास्थ्य संस्थाहरु, खानेपानी तथा सरसफाई मन्त्रालय | कार्यालयहरु | |
| ७. | बजेट व्यवस्था | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • EDCD<br>• क्षेत्रीय निर्देशनालय, क्षेत्रीय मेडिकल स्टोर<br>• जिल्ला जनस्वास्थ्य कार्यालय/ स्वा. का.<br>• हब अस्पताल<br>• स्थानीय स्वास्थ्य संस्थाहरु<br>• खानेपानी तथा सरसफाई मन्त्रालय | यसको लागि EDCD मा आवश्यक रकमको व्यवस्था गरिएको । | |
| ८. | औषधि तथा औषधिजन्य सामाग्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • EDCD<br>• आपुर्ति व्यवस्था महाशाखा<br>• क्षेत्रीय निर्देशनालय, क्षेत्रीय मेडिकल स्टोर<br>• जिल्ला जनस्वास्थ्य कार्यालय/ स्वा. का.<br>• सरकारी तथा निजी अस्पतालहरु<br>• स्थानीय स्वास्थ्य संस्थाहरु | मन्त्रालय, सम्बन्धित कार्यालय, विश्व स्वास्थ्य संगठन, Cluster partners | Buffer Stock राखिएको |

## शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

| सि.नं. | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सञ्चार वृक्ष तयारी | विभाग | युनिसेफ । सेभ | जेष्ठ। मङ्सिर | |
| २ | क्लष्टर समन्वय वैठक | विभाग | युनिसेफ । सेभ | नियमित | प्रत्येक महिना क्लस्टर लिड र कोलिड तथा प्रत्येक २ महिनामा सदस्य बैठक |
| ३ | एसओपि पुनरावलोकन तथा जिम्मेदारी बाँडफाँड | शिक्षा मन्त्रालय,विभाग,प्रदेश र स्थानिय सरकार | सहयोगि सँस्थाहरु | बैशाख। जेष्ठ | |
| ४ | आपतकालिन योजना पुनरावलोकन | विभाग | युनिसेफ, सेभ | वैषाख। जेष्ठ | |
| ५ | ड्रिल सिमुलेशन | शिक्षा मन्त्रालय,विभाग,प्रदेश र स्थानिय सरकार | युनिसेफ, सेभ, सहयोगि सँस्थाहरु | नियमित | |
| ६ | स्टकपाईल व्यवस्थापन | बिभाग,प्रदेश र स्थानिय | युनिसेफ,सेभ,रेडक्रस,क्ल | जेष्ठ भित्र | हाल सम्म सहयोगि सँघसस्थाहरुको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरकार | ष्टर सदस्यहरु | | तयारी अनुसुचीमा दिईएको छ। |
| ७ | स्रोत व्यवस्थापन | सवै तहका सरकारहरु | युनिसेफ,सेभ, क्लष्टर सदस्यहरु | वैषाख-आषाढ | बजेट तयारी चरणमा रहेको अवस्था छ। |
| ८ | चेकलिष्ट तयारी | विभाग | युनिसेफ ।सेभ | आषाढ | |
| ९ | क्षमता बृद्दि तथा प्रतिवेदन प्रणालीको बिकास | विभाग | युनिसेफ ।सेभ | जेष्ठ भित्र | |
| १० | लेखाजोखा फारम पुनरावलोकन, समुह निर्माण र क्षमता अभिबृद्दि | बिभाग | युनिसेफ,सेभ, रेडक्रस,सहयोगी सँस्थाहरु | बैषाख।जेष्ठ | |
| ११ | मनोसामाजिक परामर्श समुह तथा सामग्री पुनरावलोकन | बिभाग,स्थानिय सरकार | युनिसेफ,सेभ, सहयोगी सँस्थाहरु | जेष्ठ भित्र | |

## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| १. | खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघसंस्थाहरुसंगको मिटिङ्गबाट कार्ययोजना स्वीकृत र पूर्व तयारीका बैठकहरु । | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | FAO र WFP<br>जिल्ला साद्य संजाल | निरन्तर | आवश्यकता अनुसार |
| २. | खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघसंस्थाहरुसंगको stock pile को रेकर्ड अध्यावधिक गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | FAO र WFP | निरन्तर | |
| ३. | घटना घटिहालेमा पहिलो १५ दिनको लागि खाद्य सहायता तयारी अवस्थामा राख्ने । | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | FAO र WFP | निरन्तर | |
| ४. | Rapid Emergency Food Security and Vulnerability Assessment कार्यविधी तयार र अध्यावधिक गर्ने । | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | FAO र WFP | निरन्तर | आवश्यकता अनुसार |
| ५. | खाद्यान्न र तरकारी बालीको विउ stock राख्न जिल्ला कृषि विकास कार्यालयहरुलाई लगाएको । | जिल्ला कृषि विकास कार्यालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विभाग | निरन्तर | |
| ६. | जिल्लातहमा समेत contingency plan बनाउन लगाएको । | जिल्ला कृषि विकास कार्यालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विभाग | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | माछा, पशुपन्छीको उपचार । | जिल्ला पशु सेवा कार्यालयहरु/ स्थानीय निकायहरु | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पशु सेवा विभाग | निरन्तर | |
| ८. | विभिन्न रोग विरुद्धका भ्याक्सिन लगाउने । | जिल्ला पशु सेवा कार्यालय स्थानीय निकायहरु | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पशु सेवा विभाग | निरन्तर | |
| ९. | मृत पशुपन्छीको ब्यबस्थापन | स्थानीय निकायहरु जिल्ला पशु सेवा कार्यालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पशु सेवा विभाग | निरन्तर | |
| १०. | दानाको ब्यबस्थापन | स्थानीय निकायहरु जिल्ला पशु सेवा कार्यालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पशु सेवा विभाग | निरन्तर | |
| ११. | Ready to eat Food को ब्यबस्थापन मिलाउने | स्थानीय निकायहरु | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय FAO र WFP | निरन्तर | |

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| १. | संरक्षण विषयगत क्षेत्रको Contingency Plan पुनरावलोकन तथा परिमार्जन । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय / विभाग | UNFPA,UNICEF तथा संरक्षण विषयगत क्षेत्रका सदस्यहरु | २०७५ जेष्ठ | |
| २. | आगामी दिनमा हुनसक्ने मनसुन (वाढी, पहिरो) वाट महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणको सम्बन्धमा सबै जिल्लाहरुको संरक्षण विषयगत क्षेत्रको पूर्वतयारी योजना तयार गर्ने । | महिला तथा बालबालिका कार्यालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरु | | |
| ३. | मनसुनको पुर्वतयारीको लागि सबै जिल्लाको संरक्षण विषयगत क्षेत्रको बैठक गर्नको लागि महिला तथा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय / | संरक्षण विषयगत क्षेत्रका सदस्यहरु | २०७५ असार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालबालिका कार्यालयहरुलाई अनुरोध गर्ने । | विभाग/कार्यालय | | | |
| ४. | विपद्मा पर्दा जहिले महिलाको मर्यादा पहिले भन्ने अभियान अनुसार विपद्को समयका विशेष हेरचाहको आवश्यकता पर्ने सुत्केरी, गर्भवती, अपाङ्गता भएका महिला लागि आवश्यक ३००० (Dignity Kit) तयारी अवस्थामा रहेको । | महिला वालवालिका विभाग तथा कार्यालयहरु | UNFPA / संरक्षण विषयगत क्षेत्रको सदस्यहरु | तयारी अवस्थामा | UNFPA को क्षेत्रीय कार्यलयहरुमा |
| ५. | मनसुन प्रभावित बालबालिकाको तथा परिवारबाट विछोडिएका वा अभिभावक गुमाएका लागि तत्काल आवश्यक सहयोग गर्नेका लागि आकस्मिक कोषको व्यवस्था । | महिला वालवालिका विभाग तथा कार्यालयहरु | UNICEF / संरक्षण विषयगत क्षेत्रको सदस्यहरु | मनसुन प्रभावित जिल्लाको मागको आधारमा उपलब्ध गराउन सकिने | |
| ६. | महिला मैत्री स्थल सञ्चालन निर्देशिका तयारी तथा प्रसारण आवश्यकता अनुसार महिला मैत्री स्थलाको स्थापना । | महिला वालवालिका विभाग तथा कार्यालयहरु | UNFPA/संरक्षण विषयगत क्षेत्रको सदस्यहरु | तयारी अवस्थामा | |
| ७. | बालमैत्री स्थलको लागी टेन्ट र Recreational Kits- 300 थान | महिला वालवालिका विभाग तथा कार्यालयहरु | UNICEF / क्षेत्रीय कार्यालय समेत | तयारी अवस्थामा | काठमाण्डौ, नेपालगञ्ज, भरतपुर |
| ८. | विपद्को समयमा हुने लैङ्गिक हिंसा रोकथामको लागि GBV SOP in Emergency तयारी | महिला तथा बालबालिका विभाग | UNFPA/संरक्षण विषयगत क्षेत्रको सदस्यहरु | मस्यौदा तयार | |
| ९. | सूचना तथा सञ्चार सामग्री (Child Protection, मानवबेचविखन, मनोसामाजिक सहायकता र लैङ्गिक हिसा रोकथाम) | महिला वालवालिका विभाग तथा कार्यालयहरु | UNFPA/UNICEF / क्षेत्रीय कार्यालय समेत | तयारी अवस्थामा | |
| १०. | विपद्बाट प्रभावित व्यक्तिहरुको लागि मनोसामाजिक विमर्श सेवा प्रदान गर्नको लागि तालिम प्राप्त मनोसामाजिक विमर्शकर्ता तथा सामुदायीक मनोसामाजिक कर्ता (१५० जना) को सूची तयार गरिएको । | महिला वालवालिका विभाग तथा कार्यालयहरु | WCO/TPO/CVIT लगायत अन्य सम्बन्धित संस्थाहरु | तयारी अवस्थामा | |
| ११. | Service Directory | महिला वालवालिका विभाग | UNICEF /UNFPA लगाएत अन्या सम्बन्धित संस्थाहरु | तयारी अवस्थामा | |

## भू तथा जलाधार संरक्षण विभाग

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| १. | भू तथा जलाधार व्यवस्थापन सम्बन्धि सेवा प्रवाह गरिरहेको । | ६१ जि. भू सं. कार्यालय | भू तथा जलाधार संरक्षण विभाग, वन तथा भू संरक्षण मन्त्रालय | वर्षभरी | |
| २. | आ.व. २०७४।७५ को स्वीकृत प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम अन्तर्गत गत वर्षको वर्षा र भू कम्पबाट घर, खेतबारी आदिमा पुगेको क्षतिलाई ध्यान दिई गल्छी पहिरो नियन्त्रण, संरक्षण पोखरी, पहिरो रोकथाम, सिचाई कुलो सुधार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भू क्षय नियन्त्रण कार्यक्रमहरु कार्यान्वयन जिल्ला भूसंरक्षण कार्यालयबाट । | जिल्ला भू संरक्षण कार्यालयहरु | स्थानीय उपभोक्ता समुहहरु, सरोकारवाला निकायहरु | आ.व. २०७४।७५ को दोस्रो र तेस्रो चौमासिक अवधि भर | |
| ३. | Landslide Prevention and Stabilization of Slopes in the Most Earthquake affected Districts of Nepal नामको FAO funded project ले pilot को रुपमा landslide को early warning system विकास गर्ने उद्धेश्य राखी काम गरिरहेको । | FAO, Nepal | जिल्ला भू संरक्षण कार्यालय दोलखा, स्थानीय उपभोक्ता समुहहरु | आ.व. २०७५।७६ सम्म | Technical Cooperation Project (TCP) Project |
| ४. | Building Resilience to Landslide through Support for Community basd Rehabilitation and Mitigation Action, the Establishment of Early Warning Systems in Nepal नामको FAO funded project ले काम गर्ने तयारीमा रहेको । | FAO, Nepal | जिल्ला भू संरक्षण कार्यालय नुवाकोट, स्थानीय उपभोक्ता समुहहरु | आ. व. २०७५।७६ सम्म | TCP Project |
| ५. | विपद् जोखिमबारे विभिन्न कार्यक्रमहरु मार्फत भू तथा जलाधार संरक्षण सम्बन्धि चेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने । | | | निरन्तर | |
| क. | भू संरक्षण दिवस | सबै जि. भू सं कार्यालय, भू तथा जलाधार संरक्षण विभाग | सरोकारवाला निकायहरु | प्रत्येक वर्ष साउन २४ गते | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. | रेडियो कार्यक्रम अर्न्तगत विपद जोखिम र आपत्कालीन सुचना प्रवाह गर्न "हाम्रो जलाधार कार्यक्रम" सञ्चालन भइरहेको । | नेपाल सरकार | जि.भू. स. कार्यालय र संरक्षणकर्मि मिडियाहरु | हरेक हप्ता ३० मिनेट | |
| ग. | पोष्टर, पम्पलेट, संरक्षण भित्तेपात्रो आदि प्रकाशन तथा वितरण गर्ने गरिएको । | जि. भू सं कार्यालयहरु | | वर्षभरी | |
| ६. | जिल्लास्तरमा जिल्ला वन क्षेत्र समन्वय समितिसँग समन्वय गरी भू संरक्षण तथा जलाधार व्यवस्थापनको सेवा प्रवाह गर्ने कार्य भइरहेको । | जि. भू सं कार्यालयहरु | जिल्लास्थित सरोकारवाला निकायहरु | वर्षभरी | जिल्ला दैवी प्रकोप उद्दार समितीमा आमन्त्रित सदस्यको रुपमा कार्य गरीरहेको |
| ७. | जिल्लास्तरमा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी प्राविधिक सेवा प्रवाह गर्ने कार्य गरिरहेको । | ६१ जि.भू.सं. कार्यालयहरु | जिल्लास्थित सरोकारवाला निकायहरु | वर्षभरी | जिल्ला दैवी प्रकोप उद्दार समितीमा आमन्त्रित सदस्यको रुपमा कार्य गरीरहेको |
| ८. | नदी प्रणालीमा आधारित भू संरक्षण कार्य गर्न राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम संञ्चालन भइरहेको । | भू तथा जलाधार संरक्षण विभाग, जि.भू.सं. का. | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति | वर्षभरी | |

## जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समयावधि | बजेट | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १. | मातहतका डिभिजन/सव डिभिजन/कार्यालय/योजनाहरुमा मनसुनबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि आवश्यक तयारीको लागि निर्देशन गर्ने । | विभागको आपत्कालीन तथा पूर्व सावधानी व्यवस्थापन शाखा | विभागको प्रशासन शाखा | बैशाख मसान्त भित्र | | विभागको नदी नियन्त्रण महाशाखा |
| २. | केन्द्रीयस्तरमा नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्यहरुको लागि आवश्यक निर्माण सामाग्रीहरु खरिद तथा भण्डारण गर्ने । | विभागको आपत्कालीन तथा पूर्व सावधानी व्यवस्थापन शाखा | विभागको आर्थिक प्रशासन शाखा र स्टोर | बैशाख मसान्त भित्र | | विभागको नदी नियन्त्रण महाशाखा |
